नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**सिंहदरबार, काठमाण्डौ**

**पत्र संख्या : २०७६/०७७** **चलानी नं. : १४४**

मिति : २०७६/०४/१३

विषयः- <u>समायोजन भएका कर्मचारीहरुलाई अनिवार्य रुपमा हाजिर गराउने सम्बन्धमा।</u>

श्री स्थानीय तह, सबै ।

नेपालको संविधानको धारा ३०२ को उपधारा (२) तथा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका विभिन्न सेवा, समूह, उपसमूह, तह र पदका कर्मचारीहरुमध्ये केही कर्मचारीलाई कतिपय स्थानीय तहहरुले हाजिर नगराएको सम्बन्धमा यस मन्त्रालयको ध्यानाकर्षण भएको छ ।

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १३ को उपदफा (७) मा "*सम्बन्धित निकायको प्रशासकीय प्रमुख वा अधिकारीले यस ऐन बमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन हुने कर्मचारीहरुलाई हाजिर गराइ जिम्मेवारी दिनु पर्नेछ*" भन्ने व्यवस्था रहेको तथा सोही दफा को उपदफा (८) मा "*हाजिर नगराउने र जिम्मेवारी नदिने अधिकारीलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ*" भन्ने व्यवस्था रहेको कुरा विदितै छ। यस प्रकार यस मन्त्रालयबाट नेपालको संविधान तथा समायोजन ऐन बमोजिम समायोजन भएका कर्मचारीलाई हाजिर गराई कामकाज लगाउने कार्य स्थानीय निकायले अनिवार्य रुपमा पालन गर्नुपर्ने हुन्छ ।ऐनको उपरोक्त व्यवस्था बमोजिम प्रशासकीय प्रमुखले हाजिर गराउनु पर्ने दायित्व भएकोमा कतिपय स्थानीय तहका प्रमुखले नै पत्र लेखी कर्मचारी फिर्ता पठाउने गरेको कुरा कानून विपरित भएको हुँदा यसरी फिर्ता पठाउने कार्य नगर्न समेत मिति २०७६/०४/१३ को नेपाल सरकार (मन्त्रीस्तरीय) निर्णयानुसार ध्यानाकर्षण गराईन्छ । त्यसैले यस सम्वन्धमा देहायबमोजिम गर्नु गराउनु हुन निर्णय अनुसार अनुरोध छ ।

क) समायोजन भई हाजिर हुन आएका कर्मचारीलाई समायोजन भएको रिक्त पदमा हाजिर गराई कामकाज गराउने,

ख) खण्ड (क) बमोजिम हाजिर गराई कामकाज गराउन पद रिक्त नभएमा देहाय बमोजिम गर्ने:-

अ) कुनै अन्य दरवन्दी रिक्त भएमा सो पद कटौति हुने गरी समायोजन भएको कर्मचारीको पद अनुसारको दरवन्दी कायम गरी हाजिर गराई स्थानीय निकायको आवश्यकता बमोजिम जिम्मेवारी दिई कामकाज लगाउने,

आ) स्वीकृत दरवन्दी संरचना बमोजिम पद नभएको तर कर्मचारी समायोजन ऐन, २०७५ मा परिभाषित अन्य सेवाबाट सोही ऐनको दफा ६ बमोजिम समायोजन भएका कर्मचारीको हकमा त्यस्तो पद थप सिर्जना हुनेगरी हाजिर गराई जिम्मेवारी दिने,

इ) उल्लेखित कारणले बाहेक अन्यकुनै कारणले त्यस्तो कर्मचारीको पदाधिकार कायम गर्न कठिनाई परेमा समेत हाजिर हुन आएको कर्मचारीलाई हाजिर गराई निजले गर्न सक्ने कामकाज गराउदै गर्ने र सो विषय सम्वोधनको लागि मन्त्रालयमा लेखी पठाउने,

ई) समायोजन ऐन,२०७५ को दफा ३ को उपदफा (१०) मा *कर्मचारी समायोजनको कार्य सम्पन्न भईसकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार संगठन संरचना तथा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्नेछन् र सो को लागि सम्बन्धित प्रदेश वा स्थानीय तहबाट अनुरोध भइ आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ* भन्ने व्यवस्था रहे अनुरुप संगठन संरचना वा दरवन्दी

नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**सिंहदरवार, काठमाण्डौ**

**पत्र संख्या : २०७६/०७७**

**चलानी नं. :** ९८८

पुनरावलोकन गर्दा आवश्यक दरबन्दी कायम गर्नेगरी हाललाई समायोजन भएका कर्मचारीलाई हाजिर गराई जिम्मेवारी दिने,

ग) समायोजन भएका तथा खटाइएका कर्मचारीहरुको सेवा, सुविधा सम्बन्धमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १६ मा व्यवस्था भए अनुसार हुने ।

अतः संविधान तथा प्रचलित कानून बमोजिम समायोजन भएका कर्मचारीहरुलाई उपरोक्त व्यवस्थाहरु बमोजिम अनिवार्य रुपमा हाजिर गराइ स्थानीय तहको आवश्यकता अनुसार जिम्मेवारी दिइ कामकाजमा लगाउने व्यवस्था गर्नुहुन अनुरोध छ। अन्यथा प्रचलित कानून बमोजिम ताहाँ स्थानीय तहलाई संघीय सरकारबाट उपलब्ध गराउँदै आएको अनुदानहरु रोक्का गर्ने लगायतका अन्य आवश्यक कारवाहीको प्रकृया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

द्रष्टव्यः यसरी समायोजन भएका कर्मचारीहरुको दायित्व वहन गर्नका लागि नेपाल सरकारवाट स्थानीय तहहरुलाई दिइने अनुदानको समेत व्यवस्था रहेको कुरा अवगत नै छ ।

(बाबुराम अधिकारी)
सह-सचिव

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाण्डौ ।

श्री सूचना तथा प्रविधि शाखाः Website मा Upload गरिदिनु हुन तथा सवै स्थानीय तहहरुलाई email गरि दिनु हुन ।